# राष्ट्रिय किसान आयोग र किसान अधिकार

टेक वहादुर बोगटी
सदस्य
राष्ट्रिय किसान आयोग

## प्रस्तुतिको खाका

- राष्ट्रिय किसान आयोग परिचय
- किसान अधिकारको आधारभूत अवधारणा
- नेपालमा किसान अधिकारका लागि कृषि विकासको क्षेत्रमा भएका व्यवस्था/प्रावधानहरू
- नेपालको कृषिक्षेत्रका समस्या/चुनौति र अबको आवश्यकता

## राष्ट्रिय किसान आयोग

**परिचय**

नेपालका किसान संघ/संगठन र राष्ट्रिय किसान संजाल समेतको पहलमा आम किसानको हकहित र अधिकारको संरक्षण/प्रवर्द्धन र पैरवी गर्न नेपाल सरकारद्धारा स्थापित एक उच्चस्तरीय अधिकारसम्पन्न निकाय हो।

## राष्ट्रिय किसान आयोगको उद्देश्य

- किसान अधिकारहरूको स्थापना संरक्षण र प्रवर्द्धनका लागि कार्य गर्नु
- स्थापित अधिकारहरू हनन् भएकोमा न्यायको प्रत्याभूतिका लागि पहल गर्नु
- किसान कल्याणकारी कार्यक्रम तर्जुमा गर्नु
- कृषि विकास रणनीति (ADS) को कार्यान्वयनमा सरकारका निकायहरूसँग समन्वयमा कार्य गर्दै सहयोगसमेत गर्नु

## राष्ट्रिय किसान आयोग गठनको औचित्य

- किसान हक हित र अधिकारको संरक्षण एवम किसान कल्याणकारी नीति तथा कार्यक्रमको अभावलाई पुरा गर्ने योगदान गर्ने
- मौजुदा नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र नीतिगत भिन्नतालाई सम्वोधन गर्ने
- कृषि विकास रणनीति (ADS) कार्यान्वयनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने
- नेपाल पक्ष राष्ट्र भई गरिएका सन्धि सम्झौता अनुसारका कानूनहरू निर्माणमा आयोगको तर्फबाट जिम्मेवारी पुरा गर्ने

## राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३

- ❖ मुलुकको अर्थतन्त्रको मेरूदणडको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण,व्यवसायीकरण र विविधिकरण गरी
- ❖ किसानको हकहितको संरक्षण एवम प्रवर्द्धन गर्न तथा
- ❖ कृषि सम्वन्धि ऐन, कानुन, नीति तथा योजना तर्जुमाको साँथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई
- ❖ किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै
- ❖ कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन
- ❖ कृषि विकास रणनीति (ADS) (सन् २०१५ देखि सन् २०३५) ले परिलक्षित गरेबमोजिम
- ❖ नेपाल सरकारले राष्ट्रिय किसान आयोग गठन गरेको हो।

## राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३.....

**आयोगको दुरदृष्टि**

आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने

## राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३.....

**आयोगको लक्ष्य**

किसान अधिकारमैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने

**आयोगको ध्येय**

विश्वव्यापीरूपमा आत्मसात गरिएका किसान अधिकारका सिद्धान्त मूल्य मान्यतालाई अवलम्वन गर्दै स्वतन्त्र निश्पक्ष विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्वर्धन र प्रवर्द्धन गर्ने संस्थाको रूपमा आयोग रहने

## राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३

आयोगको कार्यक्षेत्र

राष्ट्रिय किसान आयोगको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ

पदावधि

राष्ट्रिय किसान आयोगमा १ अध्यक्ष सहित ५ जना सदस्यहरूको पदावधि चार वर्षको हुनेछ

## राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३.....

आयोगको मूल्य मान्यताहरू

खाद्य सम्प्रभुता सहितको किसानमुखि र आत्मनिर्भर कृषि समानता र न्याय निश्पक्षता, खाद्य तथा कृषि उत्पादनका साधन स्रोतमा सवै किसानको समान पहुँच र लाभाशंको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्वता, सहभागिता र समावेशिकरण विविधताको सम्मान आयोगका मूलभूत मान्यताहरू हुन्

## आयोगको काम, कर्तव्य र अधिकार

- कृषि विकास रणनीतिको सफल कार्यान्वयन गर्नका समय सापेक्ष नेपाल सरकारलाई राय/सुझाव दिने
- किसान कल्याणकारी योजना तर्जुमा गरी नेपाल सरकारलाई सिफारिश गर्ने
- विद्यमान ऐन, नियम तथा कानूनहरूमा भएको भिन्नताको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई सुझाब दिने
- किसान हक हित र अधिकार एवम किसानहरूको राज्यप्रतिको कर्तव्य र दायित्वका लागि नयाँ नीति ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने

## आयोगको काम कर्तव्य र अधिकार....

- प्राकृतिक श्रोत साधनमा किसानको पहुँच बढाउँने र अधिकार स्थापित गर्नका लागि ठोस कार्ययोजना सहित नेपाल सरकारलाई सिफारिश गर्ने
- किसानहरूका परम्परागत ज्ञान, सिप र रैथानै जात, बीउ, नश्ल तथा किसानहरूले विकास गरेका बाली /पशु नश्लमा उनीहरूको पहुँच र प्रयोग बढाउन उनीहरूको हक अधिकार स्थापित गर्ने
- कृषि पेशालाई आकर्षित बनाउँन अवलम्वन गर्नुपर्ने किसान अधिकार सम्वन्धि नीति तथा कार्यक्रमका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने

## आयोगको काम, कर्तव्य र अधिकार..

- संविधानले व्यवस्था गरे अनुसार किसानका हक अधिकारहरूको कार्यान्वयन भैए नभएको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिश गर्ने
- किसान संघ संगठनहरूलाई दर्ता गरी नियमन गर्ने
- सरकारी तथा गैरसरकारी एवम नीजि क्षेत्रबाट सञ्चालित नीति तथा कार्यक्रम तथा परियोजनाहरूबाट किसानका अधिकार हनन भएमा सम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिश गर्ने
- नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने

## नेपालमा किसान अधिकारका लागि कृषि विकासको क्षेत्रमा भएका व्यवस्था/प्रावधानहरू

### किसान अधिकार

किसान अधिकार भन्नाले परम्परागत तथा आर्जित किसानको सिप, प्रविधि, रैथाने बालीको जात, बीउ, किसानले विकास गरेको जात र बीउ कृषिमा प्रयोग हुने प्राकृतिक स्रोत र आधारभूत कृषि सामाग्रीमा किसानको पहुँच र अधिकारलाई सम्झनु पर्छ। (राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३)

### किसान अधिकार....

**आनुवांशिक स्रोतको आधारमा किसान अधिकार**

जैविक तथा आनुवांशिक स्रोत र यस सम्वन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन, उपयोग र व्यापारिक प्रयोजनबाट प्राप्त लाभको समन्यायिक बाँडफाँटमा कृषकहरूको सुनिश्चित पहुँच नै किसान अधिकार हो।

**समग्रमा किसान अधिकार भनेको,**

दिगो रूपमा मर्यादित र सम्मानित तवरले कृषि पेशा अवलम्वन गर्न किसानलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामाग्री एवम सेवा टेवाको समयमै प्राप्ति नै किसान अधिकार हो।
खाद्य सुरक्षा एक प्राविधिक अवधारणा, खाद्य सम्प्रभुता एक राजनीतिक तथा आर्थिक अवधारणा हो भने किसान अधिकार खाद्य अधिकार जस्तै कानूनि अवधारणा हो।

## संवैधानिक व्यवस्था(राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व) अनुसार कृषि विकासका लागि किसान अधिकारका क्षेत्रमा भएका व्यवस्था

धारा ३६मा:
खाद्य सम्वन्धी हक: प्रत्येक नागरिकलाई खाद्य सम्वन्धी हक र खाद्य सम्प्रभुता सम्वन्धी हक हुने

धारा ४२ मा:
कृषि कार्यका लागि भूमिमा पँहुच, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरिएको स्थानिय बीउ, बिजन र कृषि प्रजातिको छनौट र संरक्षण

धारा ५१ ङ कृषि र भूमिसुधार सम्वन्धी नीति

- भूमिमा रहेको स्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार गर्ने
- अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै कृषि भूमीको चक्लावन्दी गर्ने
- कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि व्यवसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने
- भूमिको समूचित प्रयोगका लागि नियमन र व्यवस्थापन गर्ने

## धारा ५१ ञ. सामाजिक न्याय र समावेशीकरण सम्वन्धी निति:

६. मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया भूमिहीन सुकुम्वासीहरूको पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने

## नीतिगत तथा कानूनी व्यवस्था

राष्ट्रिय कृषि नीति, २०६१; भू-उपयोग नीति, २०७२; कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३; कृषि जैविक विविधता नीति, २०६३; राष्ट्रिय मल नीति, २०५८; राष्ट्रिय बीउ बीजन नीति, २०५६; राष्ट्रिय भू-उपयोग नीति, २०६९; सिंचाइ नीति, २०६०; पन्छीपालन नीति, २०६८ लगायत २ दर्जनभन्दा बढी नीतिहरू निर्माण भएका छन्।

त्यस्तै गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५; पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५; जीवनाशक विषादी ऐन, २०४८; खाद्य ऐन, २०२३ भू-उपयोग ऐन, २०७६ लगायत १ दर्जन जति कृषि क्षेत्रसँग सम्वन्धित ऐनहरू निर्माण भएका छन्।

## केही महत्वपूर्ण नीतिहरूमा किसानका अधिकारका क्षेत्रहरू

राष्ट्रिय कृषि नीति २०६१

- भूमिमा पहँच/अधिकार–मौजुदा काननी हकबन्धी कार्यान्वयन प्रगतिशील कर व्यवस्था, भूमि करार कानूनी व्यवस्था
- उत्पादन सेवा सामाग्रीमा पहँच/अधिकार –करार कबलियतमा बाँझो जग्गा, पोखरी, घोल, जलाशय आदि उपलब्ध गराई बीउ बीजन प्राविधिक सेवा निशुल्क सहुलियत ऋण साना सिंचाइ पूर्वाधारमा विशेषत छुट / सुविधा
- खाद्य वस्तुमा पहँच/अधिकार – खाद्य न्युन क्षेत्रमा खाद्यान्न उपलब्धता वृद्धि तथा आय वृद्धि अन्यत्रबाट खाद्यान्न आपुर्ती सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्य वस्तु ढुवानी संचय र वितरणमा स्थानिय निकायको सहभागितामा खाद्यान्न संचय एवम परिचालन संजालको विकास
- खाद्य तथा पोषण सुरक्षा कवज (Safety Nets)-आधा हेक्टर भन्दा कम जमिन भएको, वर्षभरि सिंचाइ सुविधा नभएका कृषक, भूमिहीन र सीमान्त कृषकका लागि खाद्य तथा पोषण सुरक्षा कवजको विकास गर्दै लगिने

## केही महत्वपूर्ण नीतिहरूमा किसानका अधिकारका क्षेत्रहरू

विभिन्न नीतिहरूमा कृषक अधिकार सम्वन्धी भएका मुख्य मुख्य व्यवस्थाहरू

- कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिबासी जनजाति र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम संचालन गर्न
- बौद्धिक सम्पत्ति अधिकार सम्वन्धी नीति तथा कानुनहरूबाट कृषकको अधिकार माथि प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाइने
- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न कृषकहरू पहिचान गरी अभिलेखिकरण गर्ने र तिनलाई कृषि जैविक विविधता संरक्षण संवर्द्धन र उपयोगका लागि प्रोत्साहित गरिने
- गुणस्तरीय उत्पादन सेवा सामाग्रीहरूमा सर्वसुलभ पहुँच
- सुलभ ऋण, बीमा, कृषकमैत्री कर प्रणालीको अवलम्वन
- सार्वजनिक- नीजि - सहकारी साझेदारीमा कृषि(PPP)

## किसान कल्याणका लागि कृषि विकास रणनीतिमा भएका व्यवस्थाहरू (ADS-Agriculture Development Strategy)

- कृषक अधिकारको सुदृढिकरणका लागि किसानकै सहभागितामा योजना तर्जुमा देखि लिएर कार्यान्वयन हुदै अनुगमन सम्मका प्रक्रियामा सहभागिता हुने
- खाद्य अधिकारको प्रवर्द्धनका लागि कानुन निर्माण देखि लिएर सो को प्रभावकारी कार्यान्वयनका लागि संचालन हुने विभिन्न तहमा किसान प्रतिनिधिको सहभागिता हुने
- किसान आयोगको स्थापनाका लागि एक उच्च स्तरीय पूर्ण अधिकार सम्पन्न तथा स्थायी खालको किसान आयोग स्थापना गर्ने
- गरिबी न्यूनिकरण गर्नका लागि न्युन पहुँच भएका गरिब घरपरिवार निर्वाहमुखि किसान अनि भूमिहिन ग्रामिण घरपरिवार लक्षित कार्यक्रम गर्ने
- अति विपन्न वर्गको उन्नत खाद्य तथ पोषण सुरक्षा
- भूमिमाथि महिलाको अधिकार
- आनुवाशिंक रूपमा परिवर्तित जीवको नियमन

## किसान कल्याणका लागि कृषि विकास रणनीतिमा भएका व्यवस्थाहरू (ADS-Agriculture Development Strategy)...

- बीउको माग र आपूर्तीबारे सुचना प्रणाली स्थापना
- भूमिमाथि महिलाको अधिकार
- आनुवाशिंक रूपमा परिवर्तित जीवको नियमन
- वैदेशिक लगानी प्रवर्द्धन
- जलवायु परिवर्तन, विपद् व्यस्थापना
- कृषक कल्याणकारी कोष स्थापना
- कृषि विमाको प्रवर्द्धन
- खाद्यबीउ र दाना घाँसपात भण्डारण प्रणाली सुदृढिकरण
- कृषि बजार सूचना प्रणाली
- दिगो खेती, असल कृषि अभ्यासहरू र असल पशु चिकित्या तथा पशुपालन अभ्यासहरू


# नेपालको कृषि क्षेत्रका समस्याचुनौति र आवश्यकता

## कृषि विकासको वर्तमान अवस्था

- कृषि राष्ट्रिय अर्थतन्त्रको प्रमुख खम्वा र समृद्धिको सम्वाहक
- आजको कृषि कूल गाहस्थ उत्पादनमा एक चौथाइ योगदान र करिव दुइ तिहाइ जनसंख्या आश्रित
- कृषक परिवार ४१ लाख ३१ हजार
  - पुरुष कृषक ६७.६ %
  - महिला कृषक ३२.४ %
- ७०.४ कृषक परिवारको मुख्य आम्दानी कृषि कार्य
- खाद्य सुरक्षा, आयआर्जन तथा रोजगारीको माध्यम

## कृषिको वर्तमान अवस्था............

- कृषिको न्यून उत्पादकत्व
- उन्नत प्रविधिको न्यून ग्रहण
- कमजोर पूर्वाधार
- मल बीउ नश्ल सिचाइमा पहुचको कमि
- प्रतिस्पर्धि हुन नसकेको
- व्यापार घाटा
- गुणस्तरीय उत्पादनमा कमि




## नेपालको कृषि क्षेत्रमा देखिएका प्रमुख समस्याहरु तथा चुनौतिहरू

- खण्डिकरण तथा बाझो जमिन
- बढि उत्पादन लागत तथा कम प्रतिस्पर्धी
- न्यून उत्पादकत्व
- निर्वाहमूखि खेती प्रणाली
- सिंचाइ, मल, उन्नत बीउ, नश्लको उपलब्धतामा कमि
- कृषि श्रमिकको अभाव
- कृषि प्रविधिमा पहुचको अभाव
- व्यवस्थित कृषि बजारको कमि
- सहुलियतपूर्ण कृषि ऋणमा कृषकको पहुँचमा कमि

## अबको आवश्यकता

- राष्ट्रिय किसान आयोगलाई अधिकार सम्पन्न तथा स्थायित्व प्रदान गर्ने
- मौजुदा कानून, निति, नियमहरूको प्रभावकारी कार्यान्वयन
- नीति निर्माण तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मुल्याङनमा किसानको अर्थपूर्ण सहभागिता
- किसानको सामाजिक सुरक्षा ( शिक्षा, औषधिउपचार, यातायत, वित्तिय सेवा ) को व्यवस्था
- किसान कल्याणकारी कोष स्थापना तथा संचालन
- मर्यादित पेशा र सम्मानित किसानः पुरस्कार र सम्मान
- किसान अधिकार सम्वन्धी सचेतना अभिवृद्धि र बहस पैरवी